# अन्तरराष्ट्रिय बाल संसाधन संघ नेपाल

(आई.सी.आर.आई. नेपाल)

# International Child Resource Institute Nepal

# (ICRI Nepal)

## बाल सुरक्षा नीति

| | |
|---|---|
| स्वामित्व | अन्तरराष्ट्रिय बाल संसाधन संघ नेपाल,<br>आई.सी.आर.आई. नेपाल |
| स्वीकृत गर्ने | आई.सी.आर.आई नेपालको कार्यसमिति |
| पारित मिति | |
| समीक्षित | |

| मिति | |
|---|---|

परिचय

अन्तरराष्ट्रिय बाल संसाधन संघ नेपाल(आई.सी.आर.आई) नेपाल संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भएको मुनाफा बाँडफाँट नगर्ने गैरसरकारी संस्था हो। यसको सिकाइ संसाधनका लागि राष्ट्रिय केन्द्र (नेसनल सेन्टर फर लर्निङ रिसोर्सेस) नामक आफ्नै नवप्रवर्तक शैक्षिक कार्यक्रम छ र यसले सो कार्यक्रमार्फत बालबालिकाको समग्र भलाइ र उनीहरूका अधिकार (जीविका, संरक्षण, सहभागिता र विकास) हरूका क्षेत्रमा काम गरिरहेको छ। यसले त्यसपछि सरकारी विद्यालयहरूमा प्रारम्भिक बाल विकास (ईसीडी) कार्यक्रमसहित विद्यालयमा आधारित शैक्षिक कार्यक्रम सुरु गरेको छ। सरकारी विद्यालयका सुस्त, अनुत्प्रेरक, शिक्षक-केन्द्रित र एकोहोरो परम्परागत शिक्षण सिकाइ वातावरणलाई सिर्जनात्मक, उत्प्रेरणापूर्ण, बालकेन्द्रित, अर्थपूर्ण र हर्षपूर्ण सिकाइ वातावरणमा रूपान्तरण गर्नु सो कार्यक्रमका क्रियाकलापहरूको मुख्य लक्ष्य रहेको छ ।

आई.सी.आर.आई. नेपालले बालबालिका, बालबालिका, बन्दी तथा आश्रितका लागि सञ्जाल (एनसीपीडी) सँग नियमित रूपमा काम गर्दै आएको छ र हाल एनसीपीडीको सचिवालयको पनि प्रबन्ध गरिरहेको र बाबुआमा थुनामा रहेका बालबालिकाको सेवामा एनसीपीडी-सदस्य संस्थाका कार्यक्रमहरू सुदृढ गर्नका लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ। यसबाहेक, बाल अधिकार प्रवर्द्धन गर्न र कल्याणकारी सेवा उपलब्ध गराउनमा संस्थागत/निगमित घरानाहरू (कर्पोरेट हाउसेज) र स्थानीय उद्यमव्यवसायहरूलाई सामेल गर्न संस्थागत सामाजिक उत्तरदायित्व मैत्रीबन्धन (एलाइन्स फर कर्पोरेट सोसल रेस्पोन्सिबिलिटी) पनि बनाएको छ। विभिन्न माध्यमबाट बालिका सशक्तीकरणको कार्यक्रम पनि यससँग रहेको छ ।

आई.सी.आर.आई. नेपाल निम्नानुसारका परिदृष्टि, ध्येय र मूलभूत मूल्यमान्यता/सिद्धान्तहरूप्रति प्रतिबद्ध छ र यसका सबै क्रियाकलाप, कार्यक्रमहरू तथा जनशक्ति/कर्मचारीका व्यवहारले मूलभूत मूल्यमान्यता र सिद्धान्तहरू प्रतिविम्बित गर्ने कुरा सुनिश्चित पार्नेछः

परिदृष्टि

बालबालिका सुरक्षित, मूल्यित र विश्वव्यापी प्रतिस्पर्धाकारी रहन सक्ने समाज

ध्येय

बालबालिकालाई जिउन, प्रतिभा विकास गर्न र सफल हुन मद्दत गर्ने

मूलभूत मूल्यमान्यता/सिद्धान्त

- बालबालिकाविरुद्ध हुने जुनसुकै प्रकारका भेदभावको असहनता (शून्य सहनशीलता)

- गैरराजनीतिक, गैर-धार्मिक, गैरस्वनिर्णयात्मक (ननजजमेन्टल) करकापरहित पारदर्शी र उत्तरदायी कार्यसञ्चालन
- बालबालिकाको मर्यादा र गोपनीयताको सम्मान गर्ने
- लैङ्गिक समानता र समावेशिता

बाल सुरक्षा/संरक्षण नीति:

- आई.सी.आर.आई. नेपालका कार्यक्रमहरूद्वारा सेवा दिइएका बालबालिकाहरूलाई परिवार, समुदाय, विद्यालय, **प्रारम्भिक बाल विकास** केन्द्र (ईसीडी) र **बृहत्तर** समाजमा **हुन सक्ने** सबै प्रकारका दुर्व्यवहार, भेदभाव र शोषणबाट जोगाउने;
- आई.सी.आर.आई. नेपालसँग काम गर्ने सबै कर्मचारी, कार्य समिति सदस्यहरू र सरोकारवालाहरूबाट बाल संरक्षण नीति पालन हुने कुरा सुनिश्चित पार्ने;
- अदृश्यता/सीमान्तीकरणतर्फ अत्यधिक सङ्कटासन्न/जोखिममा रहेका र समुदायद्वारा कलङ्कित पारिएका सहित सबै उमेरका बालबालिकाका लागि मानवअधिकारहरू समानीकरण गर्ने;
- बाल संरक्षण नीतिका अन्तरराष्ट्रिय मापदण्डहरूको पालना गर्ने;
- शिक्षा, स्वास्थ्यसेवा र सामाजिक सहभागिताका अन्य क्षेत्रहरूमा सबै बालबालिकाको सहभागितालाई सहज बनाउने।

आई.सी.आर.आई. नेपालले बालबालिका र युवाहरूको सुरक्षाको लागि आफ्नो जिम्मेवारीलाई गम्भीरताका साथ लिन्छ र बालबालिकाको सुरक्षा र कल्याणका लागि प्रतिबद्ध छ साथै जुनसुकै दुर्व्यवहार र तिरस्कारबारे सबै कर्मचारीहरूले शीघ्र प्रतिवेदन गर्नु अनिवार्य छ।

हामी संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि (UNCRC) मा रहेका अधिकार र दायित्वहरू आत्मसात् गर्छौं र पालन गर्छौं। आईसीआरआई नेपाल आफूले काम गर्ने बालबालिकामा हानि पुऱ्याउन सक्ने जोखिमहरूको पहिचान र व्यवस्थापनमार्फत बालबालिकालाई सर्वसुरक्षित वातावरण उपलब्ध गराउन चाहन्छ । कार्यक्रमहरूका नतिजामा बालबालिकाले हानिशून्य अनुभव हुने अवस्था बनाउने लक्ष्यका साथ हामी हाम्रो सङ्गठनमा बालनिर्भयी (बालसुरक्षित) अभ्यासहरूलाई प्रोत्साहन गर्छौं ।

नीतिको परिप्रेक्ष्य

आफ्ना कार्यक्रम तथा क्रियाकलापमा संलग्न बालबालिकाको संरक्षण गर्नमा ख्याल पुऱ्याउनु आईसीआरआई नेपालको मौलिक कर्तव्य हो र सबै प्रकारका दुर्व्यवहार र शोषणबाट बालबालिकाको सुरक्षा र संरक्षण गर्न यो प्रतिबद्ध छ । विशेष गरी गरिबी र/वा मानवीय सङ्कट

वा द्वन्द्वको अवस्थामा बालबालिका अत्यन्तै सङ्कटासन्न वा जोखिमपूर्ण अवस्थामा हुन सक्छन् भन्ने कुरा यो नीति पहिचान गर्छ र तिनलाई प्रश्रयपूर्वक सुरक्षित गर्न आवश्यक हुन्छ भन्ने मान्यता राख्दछ ।

आई.सी.आर.आई. नेपालले सम्भावित बाल दुर्व्यवहारको न्यूनीकरण गर्न र बाल दुर्व्यवहार र गुनासोहरूलाई सम्बोधन र व्यवस्थापन गर्न कर्मचारी र प्रतिनिधिहरूलाई स्पष्ट र व्यावहारिक मार्गदर्शन गर्न जोखिम व्यवस्थापन पद्धतिको प्रयोग गर्दछ ।

बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCRC) जस्ता अन्तरराष्ट्रिय मापदण्डहरू पालना गर्न यो नीति विकास गरिएको हो। यो नीति सामान्य र विधायिकी कानूनको संयोजनमा कार्य गर्दछ र यसले बालबालिकासम्बन्धी ऐन २०७५ अन्तर्गत कुनै पनि व्यक्तिका अधिकार र दायित्वहरूलाई इन्कार वा प्रतिस्थापन गर्दैन। यस नीतिलाई आईसीआरआईको व्यापक नैतिक कार्यढाँचा र आचारसंहिताको एक घटकका रूपमा हेरिनुपर्छ। अनुशासनात्मक प्रक्रिया नैतिक, कुशल र प्रभावकारी सङ्गठन स्थापना गर्ने र कायम राख्ने माध्यम हो र यसलाई सङ्गठनको समग्र लक्ष्यभन्दा बाहिर एकान्तिक रूपमा हेरिनु हुँदैन।

उद्देश्य

यो बाल संरक्षण नीति निम्नानुसारका कुरा हासिल गर्ने लक्ष्य राख्छः

- हाम्रा कार्यक्रमहरूको नतिजास्वरूप बालबालिकाले 'शून्य हानि' अनुभव गर्ने लक्ष्य अवलम्बनद्वारा बालबालिकालाई हानि, शोषण र दुर्व्यवहारबाट जोगाउने। बालबालिकासँग काम गर्दा सम्बद्ध जोखिमहरूको पहिचान र व्यवस्थापन गरी बाल संरक्षणसम्बन्धी गुनासा सम्हाल्ने आन्तरिक कार्यविधिलाई ठाउँमा राख्दै कर्मचारी र सम्बन्धित विद्यालयहरूद्वारा अवलम्बन गरिने कुरा सुनिश्चित गरेर यसलाई हासिल गरिनेछ।
- स्पष्ट र पारदर्शी प्रतिवेदन प्रणालीद्वारा आई.सी.आर.आई. नेपालका कर्मचारी, सम्बन्धित विद्यालय र प्रतिनिधिहरूलाई अनुचित आशङ्का वा गलत आरोपहरूबाट जोगाउन;
- सबल बाल संरक्षण नीति र सम्बद्ध कार्यविधिद्वारा बाल यौनकसुरदारहरूलाई हतोत्साहित गरी आईसीआरआई नेपाल र यसका साझेदारहरूको सङ्गठनात्मक सदाचारिता र प्रतिष्ठाको रक्षा गर्न।

यस नीतिले:

बालदुर्व्यवहार र अन्य सान्दर्भिक सर्तहरूको परिभाषा;

बाल संरक्षण कानून, महासन्धि र मार्गदर्शनहरू;

आई.सी.आर.आई. नेपालको बालसंरक्षण प्रतिबद्धता समुच्चय;

बाल दुर्व्यवहार र शोषणको सम्भावनालाई कम गर्ने आई.सी.आर.आई. नेपालको जोखिम व्यवस्थापन दृष्टिकोण;

आई.सी.आर.आई. नेपालको बालबालिकासँगका अन्तरक्रियालाई नियमन गर्ने आचारसंहिता; र

आई.सी.आर.आई. नेपालको व्यावहारिक रिपोर्टिङ प्रक्रिया र प्रत्युक्ति (जवाफ) संयन्त्र

को रूपरेखा प्रस्तुत गर्दछ।

क्षेत्र

यो नीतिः

अन्य सङ्गठनहरूसँग जोडिएका, ठेक्केदार, उपठेक्केदार, भ्रमण समिति सदस्यहरू, कार्यक्रमका सहभागी (स्वयंसेवक, प्रशिक्षक, शिक्षक, समूह सलस्य र सहजकर्ता) हरू र/वा तिनका आश्रित र पारिवारिक अन्य सदस्यहरूलगायत आईसीआरआई नेपालका सबै कर्मचारी-सदस्यहरूउपर लागू हुन्छ ।

परिभाषा

बालबालिका भन्नाले १८ वर्षमुनिका प्रत्येक व्यक्तिलाई बुझाउँछ।

बालदुर्व्यवहार भनेको जिम्मेवारी, विश्वास वा शक्तिको सम्बन्धको सन्दर्भमा बालबालिकाको स्वास्थ्य, जीवन/जीविका, विकास वा मर्यादामा वास्तविक वा सम्भावित हानिको नतिजा आउने शारीरिक यौनजन्य, संवेगात्मक/भावनात्मक दुर्व्यवहार वा तिरस्कार हो ।

बाल संरक्षण भनेको कुनै पनि प्रकारको हानि - विशेष गरी दुर्व्यवहार, तिरस्कार वा शोषणबाट हुने हानि - बाट बालबालिकालाई जोगाउनको लागि प्रारूप वा ढाँचाबद्ध गरिएको क्रियाकलाप वा पहल हो।

बालबालिकाको शारीरिक दुर्व्यवहार भनेको बालबालिकाउपर उत्तरदायित्व, अख्तियारी वा नियन्त्र राख्ने व्यक्तिले कुनै अन्तरक्रिया गरेर वा नगरीकनै जानाजानी बालबालिकालाई चोट पार्ने कार्य वा चोट पार्न गरेको प्रयास हो । यसले थप्पड हान्ने, मुक्का हान्ने, लत्याउने, लात हान्ने, जलाउने, हल्लाउने, निचोर्ने/निमोठ्ने वा बालबालिका पीडामा रहेको बेला तिनलाई असहयोग गर्ने आदि स्वरूप लिन सक्छ।यस्ता बेहोराका घटना एक पटक वा पटकपटक भएका हुन सक्छन् ।

बालबालिकाको भावनात्मक/उद्वेगात्मक (इमोसनल) दुर्व्यवहार भनेको शारीरिक नहुने तर बालबालिकाको सामाजिक, बौद्धिक वा भावनात्मक/उद्वेगात्मक विकासमा प्रतिकूल असर पार्ने जुनसुकै क्रियाकलाप हो । भावनात्मक दुर्व्यवहारलाई तिनको आत्मसम्मान र सामाजिक क्षमतालाई समयसँगै ह्रास गराउने वा नजरअन्दाज गराउने गरी बालबालिकाप्रति लक्षित दीर्घरुग्ण (क्रोनिक) बेहोरागत (बिह्याभियरल) प्रवृत्तिका रूपमा लचिलो गरी वर्गीकृत गरिएको छ । यसले अर्को नाम राखेर बोलाउने, धम्की दिने, बेइज्जत गर्ने, उपहास गर्ने, तर्साउने, अलग्याउने, बेवास्ता गर्ने वा बालबालिकाप्रति शत्रुतापूर्ण वा अस्वीकार गर्ने अन्य गैर-शारीरिक रूप लिन सक्छ।

बालबालिकालाई तिरस्कार गर्नु भनेको परिवार वा हेरचाहकर्ताहरूलाई उचित रूपमा स्रोतसाधन उपलब्ध रहँदारहँदै र बालबालिकाको र बालबालिकाको स्वास्थ्य र/वा विकास जोखिममा रहेकै अवस्थासम्म पनि बालबालिकालाई खाना, लत्ताकपडा, बास, शिक्षा, भावनात्मक विकासको सुपरिवेक्षण र/वा भविष्यमा हुन सक्छ भनी अनुमान गर्न सकिने सम्भावित क्षतिबाट जोगाउने सुरक्षाउपाय जस्ता जीवनका आधारभूत आवश्यकताहरू प्रदान गर्नमा रहेको असफलता वा च्युति हो। ।

बालबालिकाउपरको यौनदुर्व्यवहार भनेको बालबालिकाप्रति जिम्मेवारी, विश्वास/भरोसा वा अधिकार राख्ने व्यक्तिले अन्य व्यक्तिका आवश्यकता पूरा गर्ने वा खुसी पार्ने उद्देश्यले सूचित सहमति दिन असमर्थ वा विकासात्मक रूपले तयार नै नरहेको बालबालिकालाई तिनले बुझ्दै नबुझेका वा बुझ्न नसक्ने खालका यौनक्रियाकलापमा संलग्न गराउने कार्य हो। यसमा बलात्कार, यौनजन्य स्पर्श वा अश्लील चित्र खुलासा गर्ने वा बालबालिकाकै यौनजन्य छविचित्र (फोटो) खिच्नेजस्ता गैरस्पर्श कार्य समेटिन्छन्।

घरेलु हिंसा भनेको पारिवारिक वा घरायसी वातावरणमा गरिएको आक्रामक र/वा जबरजस्ती व्यवहारको प्रवृत्ति हो; जसमा शारीरिक दुर्व्यवहार,यौन दुर्व्यवहार, भावनात्मक दुर्व्यवहार र/वा आर्थिक करकाप हुन सक्छ।

बाल शोषण भनेको अरूको फाइदाको लागि बालबालिकालाई काम वा अन्य गतिविधिमा प्रयोग गर्नु हो। तिनैमा मात्र सीमित नहुने गरी, यसमा बदलामा नगद वा अन्य वस्तुका लागि यसमा बालबालिकाको व्यापारिक यौनशोषण र बालबालिकाको शारीरिक, सामाजिक वा मानसिक विकासलाई प्रतिकूल असर पार्ने गरी तिनलाई काम गर्न वा अन्य क्रियाकलाप गर्न बाध्य बनाइने बालश्रम समावेश हुन्छन् ।

यस नीतिका मार्गदर्शक सिद्धान्त

यो नीति निम्न मार्गदर्शक सिद्धान्तहरूमा आधारित छः

- बालदुर्व्यवहारप्रति शून्य सहनशीलता;
- बालबालिकाको सर्वोत्तम हितको मान्यता र प्रवर्द्धन;
- बालसंरक्षणका लागि जिम्मेवारी ग्रहण;
- बालदुर्व्यवहार रोक्नका लागि जोखिमव्यवस्थापन पद्धतिको प्रयोग;
- बालदुर्व्यवहारका सबै घटनाहरूको प्रतिवेदन र प्रत्युक्ति (रेस्पोन्स) गर्ने;
- सबै बालबालिकाका लागि समावेशी वातावरण सिर्जना गर्ने; र
- अति सङ्कटासन्न/निम्छरा (भल्नरेवल) बालबालपकाका लागि उच्च संवेदनशीलता ।

आई.सी.आर.आई. नेपालका प्रतिबद्धता

आई.सी.आर.आई. नेपाल बालसंरक्षण उपायहरू उच्च स्तरमा लागू गर्न र कायम राख्न प्रतिबद्ध छ । जसमा यी समावेश छन्:

- आई.सी.आर. आई. नेपालसँग सम्बन्धित सम्झौताहरूमा सम्झौताका सबै पक्षहरू यस नीतिका सबै सर्तावस्था पालना गर्न सहमत छन्;
- सबै प्रकारका जोखिम लेखाजोखामा बाल संरक्षण जोखिमहरू समावेश रहने छन्;
- बाल संरक्षणसँग खासखास रूपले सांस्कृतिक सन्दर्भका सवालहरूलाई परियोजनासँग जोडिएका जोखिम व्यवस्थापन रणनीतिहरू, प्रशिक्षण र प्रत्युक्ति प्रक्रियाहरूमा समावेश गरिनेछ;
- बाल संरक्षण तथा सुरक्षाका निवारणात्मक उपायहरू उच्चतम स्तरमा लागू गरिन्छ;
- विस्तृत बाल-सुरक्षित भर्ती र आकलन/छनोट प्रक्रिया अवलम्बन गरिनेछन्;
- आई.सी.आर. आई. नेपालका कर्मचारी र प्रतिनिधिहरूलाई नियमित रूपमा बालसंरक्षण प्रशिक्षण प्रदान गरिनेछ।
- जहाँ बाल संरक्षण आचारसंहिता रहन्छन्, बुझिन्छ र हस्ताक्षर गरिन्छन् त्यहाँ आई.सी.आर. आई. नेपालका कर्मचारीहरू र प्रतिनिधिहरू त्यसप्रति नतमस्तक रहनेछन् र त्यसअनुसार गर्न बाध्य हुनेछन्;
- स्पष्ट र चालु प्रतिवेदन (रिपोर्टिङ) प्रक्रियाहरू रहेका ठाउँमा आई.सी.आर. आई. नेपालका कर्मचारीहरू र प्रतिनिधिहरूले तिनलाई जानकारीमा राख्नेछन्;
- प्रतिवेदन र प्रतिक्रिया/प्रत्युक्ति संयन्त्रमा राष्ट्रिय कानुन र प्रक्रियाहरूलाई ध्यानमा राखिनेछ;
- बालबालिकाको सुरक्षा वा कल्याणमा अस्वीकार्य जोखिम खडा गर्न सक्ने कुनै पनि व्यक्तिलाई बालबालिकासँग काम गर्न अनुमति रहने छैन;
- आई.सी.आर.आई. नेपालसँग सम्बन्धित सबै रोजगार सम्झौताहरूमा अन्तर्राष्ट्रिय बाल संसाधन संस्थान नेपालसँग बाल संरक्षण आचारसंहिता उल्लङ्घन गर्ने कर्मचारीलाई बर्खास्त गर्ने, निलम्बन गर्ने वा अर्को कामकर्तव्यतिर स्थानान्तरण गर्ने अधिकार छ भनी निर्दिष्ट गरिनेछ;
- कुनै पनि घटनाको आधिकारिक छानबिनको लागि गोप्यता/गोपनीयता र संवेदनशीलतालाई उच्चतम हलमा प्रयोग गरिनेछ; र
- आई.सी.आर. आई. नेपालले सबैभन्दा सङ्कटासन्न/निम्छरा बालबालिका (अपाङ्गता भएका बालबालिका) को सुरक्षा, सहभागिता र मर्यादा सुनिश्चित गर्दछ।

स्वीकार्य व्यवहार

आई.सी.आर. आई. नेपालका कर्मचारीहरूलेः

- संस्थाको बालसंरक्षण नीतिसँग सुपरिचित र घनिष्ठ रहनेछन्ः परिचित हुनुपर्दछ;
- बालबालिकालाई तिनका जात, वर्ण, लिङ्ग, भाषा, धर्म, सामाजिक-आर्थिक स्थिति, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म वा अन्य स्थितिको पर्वाह नगरीकन सम्मानपूर्वक व्यवहार गर्नुपर्छ;
- जोखिममा रहेका सङ्कटासन्न बालबालिका पहिचान गरी आफ्ना काम वा मद्दतद्वारा तिनका आशा र मर्यादाको प्रवर्द्धन गर्नुपर्छ;
- सबै बालबालिकाको उपयुक्त सहभागिता प्रवर्द्धन गर्नुपर्छ;
- बालअधिकारको प्रत्यक्षीकरण वा प्रचलनार्थ सेवाप्रदायकहरूको जवाफदेही सुनिश्चित गर्ने प्रयत्न गर्नुपर्छ;
- बालबालिकालाई तिनका अधिकार दाबी गर्न सशक्त बनाउनुपर्छ - उनीहरूलाई अधिकार र विद्यमान प्रावधानको बारेमा सुसूचित गर्नुपर्छ;
- बालबालिकाउपर दुर्व्यवहार/शोषणका जोखिम कम गर्नका लागि संस्थाहरू (परिवार, विद्यालय र अन्य समुदाय) को सुदृढीकरणमा जोड दिनुपर्छ;
- बालबालिकासँग कुराकानी/अन्तर्वार्ता गर्दा बालमैत्री पद्धति अपनाउनुपर्छ;
- बाल शोषण र दुर्व्यवहारका सरोकार वा आरोपहरू र उपयुक्त प्रक्रियाअनुसार नीतिको पालना नगरेका मामिलाहरू शीघ्रातिशीघ्र प्रतिवेदन (रिपोर्ट) गर्नुपर्छ;
- आई.सी.आर.आई. नेपालसँग सम्बन्धित रहेको समय वा अघिपछि पनि कसैउपरका बालबालिकाउपरको शोषण वा दुर्व्यवहारका अपराधसबन्धी आरोप, अभियोग वा कसुरको नतिजासम्बन्धी कुराको तुरुन्त खुलास गर्नुपर्छ;
- आई.सी.आर.आई. नेपालको प्रतिवेदन प्रक्रियाअनुसार बालबालिकाको सुरक्षा वा भलाइका सम्बन्धमा सरोकार राख्ने र निर्णय लिने क्रममा प्रक्रियागत निष्पक्षता तुरुन्तै अपनाउनुपर्छ;
- बालबालिकासँग काम गर्दा खुला रही गर्नुपर्छ र सम्भव भएसम्म बालबालिकाका निकटमा काम गर्दा अर्को वयस्क व्यक्ति उपस्थित रहने अवस्था निश्चित पार्नुपर्छ;
- बालबालिकाका दृष्टिकोणहरू/भनाइहरू सुन्नुपर्छ र तिनलाई प्रभाव पार्न सक्ने वा नपार्ने जे भए पनि तिनसँग सम्बन्धित निर्णयप्रक्रियामा संलग्न हुने अनुमति दिनुपर्छ; र/वा

- बालश्रमसँग सम्बन्धित श्रम कानुनसहित नेपाल र आयोजक देशको सबै सान्दर्भिक कानुनको पालना गर्नुपर्छ;
- बालबालिकाको सुरक्षा/निर्भयतासम्बन्धी सङ्गठनात्मक नीति तथा मार्गदर्शनहरूको पालना गर्नुपर्छ।

आई.सी.आर.आई. नेपालका बाल सुरक्षा/संरक्षण नीतिका मुख्य सिद्धान्तहरू बालबालिकाको सर्वोत्तम हितमा, परिस्थितिप्रति संवेदनशील, सहभागिता र बालबालिकाका अधिकारहरूको प्रवर्द्धन र निर्विभेदमा अड्दछन् ।

अस्वीकार्य व्यवहार

आई.सी.आर.आई. नेपालका कर्मचारीहरूलेः

- बालबालिकाको आत्मसम्मानलाई खतरा वा चोट पार्ने वा तिनमा भावनात्मक/उद्वेगात्मक दुराचार हुन सक्ने अनुपयुक्त, अपमानकारी, हैरान गर्ने, छाडा, हेला हुने, यौनउत्तेजक, वा सांस्कृतिक रूपमा असंवेदनशील भाषा प्रयोग गर्नु वा व्यवहार प्रदर्शन गर्नु हुँदैन;
- सुम्सुम्याउने, समात्ने, अँगालो हाल्ने, चुम्बन गर्ने वा छुनेजस्ता शोषण र दुर्व्यवहारपूर्ण हुने कुनै पनि गतिविधिसहित बालबालिकासँग शारीरिक वा यौनसम्बन्ध विकास गर्नु हुँदैन;
- यौनसेवा वा कार्यका लागि रकम दिएर वा अन्य कुनै प्रलोभनमा पारेर बालबालिकालाई कुनै पनि प्रकारको यौनसम्पर्क, यौनगतिविधि वा कार्यहरूमा संलग्न गराउनु हुँदैन;
- चोटपटक वा शारीरिक खतरामा परेको अवस्थामा बाहेक आफूसाथ नरहेका/नरहने गरेका बालबालिकाहरूलाई आफ्नो घरमा बोलाउन/ल्याउन हुँदैन;
- गोप्यता/गोपनीयताको सवाल उठ्ने हुनाले खुला कोठा र अन्य सदस्यहरूको उपस्थित नगरी बालबालिकासँग एक्लै समय बिताउन हुँदैन;
- कदाचित तिनको सर्वोत्तम हितका लागि त्यस्तो अवस्था आईपरे पनि अर्को वयस्क उपस्थित सुनिश्चित नगरी र अत्यावश्यक नभएसम्म सुपरिवेक्षण नगरिएका बालबालिकाको नजिकमा सुत्नु हुँदैन;
- कुनै पनि माध्यमबाट बाल अश्लील चित्रहरूमा पहुँच राख्नु हुँदैन;
- बालबालिकालाई शारीरिक सजाय गर्न हुँदैन;

- तिनका उमेर वा विकासका चरणअनुसार अनुपयुक्त हुने र तिनको शिक्षा, आराम र मनोरञ्जनको समयलाई घच्चा पुग्ने वा चोटपटक लाग्ने जोखिम रहने गरी बालबालिकालाई घरायसी वा अन्य श्रमयुक्त काममा लगाउनु हुँदैन;
- कुनै बालबालिकालाई विशेष रूपले पक्षपात वा बहिष्कृत गर्नु हुँदैन;
- आफू सुसूचित रहेको कुनै पनि हानिबाट जोगाउन सुविचारित योजनाबद्ध रूपले बालबालिकालाई तिरस्कार/बेवास्ता/उपेक्षा गर्न सम्मति दिनु हुँदैन; र/वा
- आफूले दिन वा गर्न नसक्ने कुनै पनि कुराको वाचा गर्नु हुँदैन।

नोटः माथिको सूची पूर्ण छैन तर सही दिशामा सुरुआत बिन्दुको रूपमा यसलाई उपयोग गरिनुपर्छ ।

१ बालबालिकाका छवि प्रयोग गर्ने फोटोग्राफी नीति

उद्देश्यअनुसारका कामकाजका लागि बालबालिकाको छविचित्र वा फोटो खिच्दा वा चलचित्र/श्रव्यदृश्य छायाङ्कन गर्दा, आई.सी.आर.आई. नेपालका कर्मचारीहरूलेः

- बालबालिका वा तिनका बाबुआमा वा अभिभावकबाट सहमति लिनै पर्छ। सहमति लिने कार्यको एक अंशको रूपमा छविचित्र वा तस्बिरहरू केकसरी प्रयोग गरिनेछन् भनेर स्पष्ट बताउनुपर्छ र प्रयोग गर्ने सम्मति लिनुपर्छ;
- फोटा, चलचित्र, भिडियो र डीभिडीहरूले बालबालिकाहरूलाई कमजोर/निम्छरा रूपमा होइन सम्मानजनक र आदरपूर्वक प्रस्तुत गर्नुपर्छ;
- छवि, चित्र वा चलचित्रले सन्दर्भ र तथ्यहरूको इमानदार प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्छ;
- बालबालिकाका सार्वजनिक प्रयोगका लागि उपलब्ध हुने कुनै पनि छविले तिनको व्यक्तिगत पहिचानलाई कुनै पनि हालतमा प्रकट गर्ने हुनु हुँदैन ।

२ प्रतिवेदन/रिपोर्टिङ र घटना प्रत्युक्ति

बालदुर्व्यवहारको प्रतिवेदन/रिपोर्ट गराइ

बाल दुर्व्यवहारका कुनै पनि सन्देह वा खुलासा तुरुन्तै निर्देशकलाई जाहेर गरिनुपर्छ। सबै घटनाहरू आई.सी.आर.आई. नेपालको बाल संरक्षण घटना प्रतिवेदन कार्यविधि अनुसार जाहेर/प्रतिवेदन र व्यवस्थित गरिनेछ। (परिशिष्ट २ मा हेर्नुहोस्)।

बालदुर्व्यवहारका आरोपहरूको प्रत्युक्ति मार्गदर्शन

१. आई.सी.आर.आई. नेपाल ले यसका कर्मचारीहरूद्वारा बाल दुर्व्यवहारका सबै आरोपहरूलाई गम्भीरतापूर्वक लिन्छ;

२. सबै आरोपहरू राम्ररी छानबिन गरिनेछन्; र

३. घटना जाहेर/प्रतिवेदन गरिएकामा निम्न कार्यविधि अवलम्बन गरिनेछः

गैर-सङ्गिन घटना आरोपहरूका हकमा

बालदुर्व्यवहारको गैरसङ्गिन आरोप भनेको त्यो हो जसले आरोप साँचो नै भए पनि त्यसले बालबालिकालाई बच्चालाई तत्काल जोखिममा पार्दैन। यस्ता घटनाहरू प्रकृतिमा गम्भीर हुन सक्छन् तर त्यसको असर गम्भीर हुन समय लाग्न सक्छ; उदाहरणका लागि, बाल अश्लील चित्र प्रदर्शन वा चित्राङ्कनको पहुँच यस्तो गैरगम्भीर घटना हो।

१. घटनालाई आई.सी.आर.आई. नेपालद्वारा घटना प्रतिवेदन र प्रत्युक्ति कार्यविधिअनुसार अभिलेखीकरण र अनुसन्धान गरिनेछ;

२. घटनाका कथित अभियुक्त र पीडितको गोपनीयताको अधिकारको पूर्ण सम्मानका साथ अनुसन्धान गरिनेछ र संलग्न व्यक्तिहरूको अधिकार र हितलाई प्राथमिक सरोकार मानी "जान्न आवश्यक छ" का आधारमा मात्र सूचना प्रवाह गरिनेछ;

३. आरोपित व्यक्तिलाई तथ्यहरूका बारेमा तिनका दृष्टिकोण/विचार/संस्करण व्यक्त गर्न अवसर लिइनेछ;

४. पीडित भनिएको बालबालिकाको घटनाबारे व्यक्त विचारलाई तिनले दुर्व्यवहारको बारेमा विरलै झुटो बोल्छन् भन्ने आलोकबाट अभिलिखत प्रमाणका रूपमा विचार गरिनेछ; र

५. जहाँ घटना भएको उचित रूपमा प्रमाणित भएमा उपयुक्त अनुशासनात्मक उपायहरू अवलम्बन गरिनेछन्, जसमा यिनैमा मात्र सीमित नरहने गरी

- चेतावनी; र/वा
- निलम्बन; र/वा
- बर्खास्त; र
- प्रहरी अधिकारीहरूसमक्ष कसुरको रूपमा जाहेर गर्ने कुरा

समावेश हुन सक्नेछन् ।

अनुशासनात्मक उपाय कसुरको प्रकृति र गम्भीरतामा निर्भर हुनेछ र निर्देशकको तजबिजमा पूर्ण रूपमा अभिलेखन गरी आईसीआरआई नेपालको कार्य समितिसमक्ष जाहेर गरिनेछ।

सङ्गिन आरोपहरूका हकमा

सत्यतामा आधारित आरोप हो भने बालबालिकाको कल्याणमा जोखिम आसन्न भएको आरोप नै सङ्गिन आरोप हो - उदाहरणका लागि अनुपयुक्त यौनक्रियाकलाप।

१. घटना भएको देशको कानुन वा नेपाल कानुन उल्लङ्घन भएको आरोप लागेमा घटनाको तुरुन्तै सम्बन्धित निकायलाई जानकारी गराइनेछ र छानबिन नभएसम्म व्यक्तिलाई सेवा वा कामबाट निलम्बन गरिनेछ;

२. अभियुक्त व्यक्तिको गोपनीयता र अधिकार सुनिश्चित गर्न सबै प्रयासहरू गरिनेछ र घटनासँग सम्बन्धित जानकारीहरू "जान्ने आवश्यकताको आधारमा" मात्र साझा गरिनेछ;

३. घटना आचारसंहिताको उल्लङ्घन समावेश छ तर राष्ट्रिय कानुनको उल्लङ्घन होइन भने आरोपित व्यक्तिलाई अनुसन्धानका लागि निलम्बन गर्न सकिनेछ;

४. आचारसंहिता उल्लङ्घन भएका सबै घटनामा परिस्थितिहरू विचार गरी उपयुक्त कारबाही गरिनेछ;

५. आरोप झुटो वा निराधार भएको पाइएमा आरोपित व्यक्तिका अधिकार सुनिश्चित गर्न सबै प्रयास गरिनेछ;

६. नेपालको कानुनको उल्लङ्घन गरेको आरोपका घटनामा पीडितको अधिकारको रक्षा गर्न आवश्यक भएमा बाहेक गोपनीयता अवलम्बन गरिने छैन;

७. अनुसन्धानहरूमा उपयुक्त भएसम्म आई.सी.आर.आई. नेपालले कानुनी सल्लाह साथै सम्बन्धित अधिकारीहरूको सल्लाहलाई ध्यानमा राख्नेछ।

भर्नाप्रक्रिया र सन्दर्भ-जाँच

बालबालिकाका लागि अस्वीकार्य जोखिम उत्पन्न गर्न सक्ने जानाजानी आई.सी.आर.आई. नेपालले कुनै पनि व्यक्तिलाई स्वयंसेवक रूपमा काम गर्न वा संलग्न गराउन अनुमति दिने छैन। आई.सी.आर.आई. नेपालले दण्डात्मकभन्दा निवारक उपायलाई प्राथमिकता दिन्छ। तसर्थ, यसले आधिकारिक/औपचारिक सेवाप्रवेशकालमै बाल संरक्षण नीति सत्र समावेश गर्नेछ। साथै, आई.सी.आर.आई. नेपालले सबै बालबालिकाका अधिकारहरूको रक्षार्थ विद्यमान कर्मचारीहरूलाई अभिमुखीकरण गर्नेछ।

यसअतिरिक्त:

आई.सी.आर.आई. नेपालको भर्नाप्रक्रियाका लागि इच्छुक सबै आवेदकहरूको बालबालिकासँग काम गर्ने भूमिकामा आवेदकको उपयुक्तता मूल्याङ्कन गर्न तिनका पूर्व रोजगारदाताहरू/सन्दर्भ व्यक्ति (रेफरी) हरूद्वारा पार्श्वाभिलेख (प्रोफाइल) जाँच र सन्दर्भ जाँच सञ्चालन गरिनेछ। सन्दर्भव्यक्तिले साझेदार, पति/पत्नी र/वा अन्य आफन्तहरूलाई यस प्रक्रियामा समावेश गर्न सक्ने छैनन्। सन्दर्भ व्यक्तिहरूलाई आवेदकको बारेमा तिनको कुनै सरोकार रहे-

नरहेको वा भर्नाप्रक्रियामा बालबालिकासँग काम गर्ने वा सम्पर्क गरेको सम्बन्धमा आवेदकको बारेमा कुनै गुनासो रहे-नरहेको, र भर्ना प्रक्रियाको चरणमा बालबालिकासँग काम गरेको वा सम्बन्ध रहेको विषयमा गुनासो रहेको भए सो बारेमा समेत सोधनी गरिनेछ;

नियुक्त भएपछि निजले बाल संरक्षण नीतिमा हस्ताक्षर गर्न र नीतिका प्रावधानहरूलाई कडाइसाथ पालना गर्न आवश्यक हुनेछ;

आवेदकहरूले आफ्नो वास्तविक पहिचान प्रमाणित गर्न कागजातहरू उपलब्ध गराउन आवश्यक हुनेछ।

आई.सी.आर.आई. नेपालमा उम्मेदवारहरूका लागि हुने उपयुक्त भएमा आवेदन गरिएको पदमा सान्दर्भिक बालबालिकासँग काम गर्ने दृष्टिकोण बुझ्नको लागि बालबालिकासँग काम गर्नेसँग सम्बन्धित अन्तर्वार्ता प्रक्रियामा बानीबेहोरामा आधारित प्रश्नहरू समावेश हुनेछन् जुन आवेदन दिएको पदसँग सम्बन्धित काममा आवेदकको मनोवृत्ति, अनुभव र बालबालिकासँग काम गर्ने तरिकासँग प्रत्यक्ष जोडिएका हुनेछन् ।प्रश्नहरू तलको सूचीबाट लिन सकिन्छः

- क्रियाकलापमा भाग लिन नचाहने बालबालिकालाई कसरी व्यवस्थापन गर्नुभएको छ ?
- अभिलेखीकरण प्रयोजनका लागि बालबालिकाको फोटो खिच्नुपर्ने भयो वा फोटो आवश्यक भयो भने तपाइँ के गर्नुहुन्छ?
- अपाङ्गता भएका बालबालिकालाई अमानवीय रूपमा राखिएको देख्नुभयो भने तपाईं के गर्नुहुन्छ?
- बालबालिकासँग काम गर्ने यस कार्यक्रममा तपाईंलाई केले उत्प्रेरित गर्छ/तपाईं यस कार्यक्रममा बालबालिकासँग काम गर्न किन चाहानुहुन्छ?

बाल संरक्षण शिक्षा तथा प्रशिक्षण

भर्ना भएपछि प्रारम्भमै बालसंरक्षण तालिम दिइनेछ। बालसंरक्षण नीति परिमार्जन भएमा गरिएमा सबै कर्मचारीहरूलाई संशोधित नयाँ नीतिमा अभिमुखीकरण गराइनेछ। आई.सी.आर.आई. नेपालका सबै नयाँ कर्मचारीहरूले प्राप्त गर्नेछन्:

- मानवसंसाधन विभागद्वारा बालसंरक्षण नीति प्रारम्भक (इन्डक्सन)। प्रारम्भकमा आई.सी.आर.आई. नेपाल र सम्बन्धित व्यक्तिबिच बाल-सुरक्षित संस्था बनाउने र व्यवस्थित गर्ने र बालबालिकासँग अन्तरक्रिया गर्ने वा बाल-संवेदनशील सामग्री को प्रयोग गर्दा गर्नुपर्ने उपयुक्त व्यवहार बारेको छलफल समावेश हुनुपर्छ।
- आई.सी.आर.आई. नेपालको बाल सुरक्षा नीति र सम्बद्ध कार्यविधिको प्रति।

***

अनुसूची १: कर्मचारी स्वघोषणापत्र

## अन्तरराष्ट्रिय बाल संसाधन संघ नेपाल

### प्रतिबद्धताको स्वघोषणा

मानव संसाधन विभागले भर्नापछि प्रारम्भक (इन्डक्सन) गर्दा बाल संरक्षण तालिमको जानकारी दिनेछ र नयाँ कर्मचारीहरूलाई नीतिमा हस्ताक्षर गर्न आवश्यक हुनेछ। हस्ताक्षर गरिएको प्रत्येक बाल संरक्षण नीतिको प्रति नयाँ कर्मचारीसँग र मानव संसाधन विभागमा रहनेछन्। हस्ताक्षर गरिएको नीति प्रतिको विद्युतीय छायाप्रति नयाँ कर्मचारीलाई इमेल गरिनेछ।

यस कागजातमा हस्ताक्षर गरेर म कागजातभित्र उल्लिखित प्रावधानहरूको मेरो बुझाइ र स्वीकृति औंल्याउँछु। म कागजातभित्र रहेका मेरा कानूनी र नैतिक दायित्वहरू विस्तृत रूपमा बुझ्छु। म के बुझ्छु भने यो नीति र/वा आचारसंहिताको उल्लङ्घनले आईसीआरआई नेपालसँगको मेरो रोजगारी खारेज हुने आधार प्रदान गर्न सक्छ। म के पनि पनि बुझ्छु भने यो नीति र/वा आचारसंहिताको उल्लङ्घन भएमा फौजदारी मुद्दा पनि लाग्न सक्छ ।

म के घोषणा गर्छु भनेः

- मैले आई.सी.आर.आई. नेपालको बालसंरक्षण नीति पढेको र बुझेको छु;
- म आई.सी.आर.आई. नेपालको बाल संरक्षण नीतिमा रहेका कार्यविधिभित्र रहेर काम गर्नेछु;
- अरूद्वारा गरिएको आशङ्का भएका बालदुर्व्यवहार, शोषण र तिरस्कारका मामिला तुरुन्तै प्रतिवेदन गर्नेछु;
- मलाई बालबालिका वा युवाहरूप्रतिको कुनै पनि प्रकारको दुर्व्यवहार, तिरस्कार वा शोषण समावेश भएको कुनै कसुरको अभियोग लागेको वा दोषी ठहराइएको छैन;
- आई.सी.आर.आई. नेपाल गतिविधिहरूमा संलग्न हुँदा मेरो विरुद्धमा बालदुर्व्यवहारको सम्बन्धमा उजुर आयो भने उपयुक्त अधिकारीहरूसँगको सहकार्यमा आरोपको पूर्ण छानबिन गरिनेछ भन्ने कुरा मैले बुझेको छु;
- बालबालिकाउपर दुराचारपूर्ण वा शोषणकारी वा त्यस्तो मानिने कार्यहरू वा व्यवहार त्याग्नु आईसीआरआई नेपालसँग सम्बद्ध व्यक्तिका रूपमा मेरो जिम्मेवारी हो भन्ने मैले बुझेको छु;
- मेरो नियुक्ति तथा भर्नाप्रक्रियाको एक अङ्गका रूपमा मेरो फौजदारी अभिलेख जाँच र सन्दर्भ/सिफारिस जाँचलगायतका कुनै पनि आवश्यक छानबिन/सोधपुछ गर्न म आईसीआरआई नेपाललाई अख्तियारी प्रदान गर्दछु;

- आई.सी.आर.आई. नेपालका बाल संरक्षणसम्बन्धी प्रशिक्षण सत्रहरूमा भाग लिने मेरो इच्छा म सुनिश्चित गर्दछु ।

अनुसूची २ : बाल संरक्षण घटना प्रतिवेदनपत्र

अन्तरराष्ट्रिय बाल संसाधन संघ नेपाल (आई.सी.आर.आई. नेपाल)

बाल संरक्षण घटना प्रतिवेदनपत्र

कृपया सम्भव भएसम्म बढीभन्दा बढी खण्डहरू सकेसम्म विस्तारमा भर्नुहोस् । यो प्रपत्र गोपनीय छ ।

| |
|---|
| स्थान: |
| तपाईं नामः |
| तपाईं पद: |
| बालबालिकाको नाम: |
| उमेर/जन्ममिति: |
| बालबालिकाको ठेगाना (थाहा भए): |
| बाबुआमा/अभिभावक/संरक्षक/स्याहारकर्ताको नाम र ठेगाना (थाहा भए): |
| घटना मिति र समय: |
| घटनामा संलग्न कर्मचारी सदस्यको नाम (कुनै भए): |
| घटना भएको ठाउँ: |
| तपाईंको प्रेक्षण/अवलोकन: |
| सरोकार/आशङ्का/घटनाको नालीबेली:<br>के भयो वर्णन गर्नुहोस्: समय, मिति, संलग्न व्यक्तिहरू, अवलोकन/पहिचान गरिएका बेहोरा वा भौतिक चिह्न/खत आदि, अन्य कुनै नालीबेलीः |
| बालबालिकासँग भएको कुराकानीको नालीबेली: |

| | |
|---|---|
| | |
| गरिएको कारबाई (कुनै भए): | |
| सम्पर्क गरिएका बाहिरी निकाय (मिति र समय): | |
| प्रहरी<br>(हो/होइन) | हो भने कुन चौकी/कार्यालय:<br>नाम र सम्पर्क नम्बर:<br>प्राप्त सुझाब/सल्लाहको नालीबेली: |
| सामाजिक सेवा<br>(हो/होइन) | हो भने कुन चौकी/कार्यालय:<br>नाम र सम्पर्क नम्बर:<br>प्राप्त सुझाब/सल्लाहको नालीबेली: |
| आईसीआरआई नेपालको सम्पर्क बिन्दु व्यक्ति/व्यवस्थापक: | नाम र सम्पर्क नम्बर:<br>प्राप्त सुझाब/सल्लाहको नालीबेली: |
| स्थानीय अधिकारी: | हो भने कुन कार्यालय:<br>नाम र सम्पर्क नम्बर:<br>प्राप्त सुझाब/सल्लाहको नालीबेली: |
| अन्य: | कुन संस्था:<br>नाम र सम्पर्क नम्बर:<br>प्राप्त सुझाब/सल्लाहको नालीबेली: |
| हस्ताक्षर:<br>नाम:<br>मिति: | |

***

अन्तरराष्ट्रिय बाल संसाधन संघ नेपाल (आई.सी.आर.आई. नेपाल)

<u>बाल संरक्षण जोखिम पञ्जिका</u>

तपाईंका कार्यक्रम तथा क्रियाकलापमा बालबालिकाका जोखिम तथा खतरा पहिचान र व्यवस्थापन गर्नुहोस् ।

| | |
|---|---|
| जोखिम पञ्जिका धनी | प्रशासकीय अधिकृत: |
| स्वीकृत गर्ने | कार्य समिति: |
| जारी मिति | |
| पुनरीक्षण (रिभ्यु) मिति | |

टिपोट/द्रष्टव्यः बाल संरक्षण जोखिम व्यवस्थापन बाल दुर्व्यवहार रोकथाम/निवारण हो। जोखिम भनेको केही गलत/खराब हुने सम्भावना हो। जोखिम व्यवस्थापन भनेको दुर्घटना वा घटना हुन सक्ने सम्भाव्यता पहिचान गर्नु र त्यसको सम्भावनालाई कम गर्नका लागि पाइला चाल्नु हो। हामीले सङ्गठनमा बालबालिकाहरूलाई हानि पुर्‍याउन सक्ने सम्भावित जोखिमहरू र तरिकाहरू पहिचान गर्न आवश्यक छ/पहिचान गर्नुपर्छ । जोखिमहरू पहिचान गरेर मात्र हामीले बाल दुर्व्यवहार न्यूनीकरण गर्न र रोक्ने/निवारण गर्ने रणनीतिहरू विकास गर्न सक्छौं। कर्मचारी र सहभागीहरूसँग काम गर्न र सोध्नको लागि यस कार्यमा कसरी पुग्ने भन्ने बारे केही उदाहरणहरू अर्को पृष्ठमा उपलब्ध गराइएका छन्।

| क्रियाकलापको प्रकार | बालबालिकाको जोखिम | बालबालिकाको जोखिम न्यूनीकरणको विधि | गरिएका रणनीति/कार्यका लागि जिम्मेवार को ? कहिलेसम्ममा? |
|---|---|---|---|
| अपाङ्गता भएका बालबालिकाको उपचार | स्याहारकर्ता, सेवाप्रदायक, होटल कर्मचारीले बालबालिकाको यात्रा तथा उपचारका क्रममा हानि गर्न सक्छन् । | उपचारका बेला एकभन्दा बढी मानिस बालबालिकाका साथमा रहन सक्छन् ।<br>यात्रा उपचार तथा बास बस्दाका समयमा परिवारका सदस्यको उपस्थितिलाई हामी प्रोत्साहन गर्छौं । | जिल्ला टोली प्रमुख<br>सूचना पाएपछि तत्कालै |
| अपाङ्गता भएका बालबालिकाका लागि फिथियोथेरापी/विमर्श/लेखाजोखा | सेवाप्रदायकले सेवा प्रदान गर्दै गर्दा हानि गर्न सक्छन् । | फिथियोथेरापी/विमर्श/लेखाजोखाका सत्रमा परिवारका सदस्यको उपस्थिति अनिवार्य हुन्छ ।<br>प्रारम्भक तालिममा सेवाप्रदायकलाई बालसंरक्षण नीतिको अभिमुखीकरण | जिल्ला टोली प्रमुख<br>सूचना पाएपछि तत्कालै |
| बालक्लब सदस्यहरूलाई तालिम/अतिरिक्त क्रियाकलाप/बाल क्लब गतिविधि/बैठक | प्रशिक्षक वा साथीहरूले तालिम/कार्यक्रम स्थल वा बाटोमा हानि पुऱ्याउन सक्छन् । | केटा र केटीहरू सुत्नको लागि छुट्टाछुट्टै कोठा।<br>रातको समयमा यात्राको परित्याग ।<br>समय-समयमा परिस्थितिको अनुगमन गर्न आईसीआरआई नेपालका जिम्मेवार व्यक्तिलाई तोक्ने ।<br>दुर्व्यवहारको सम्भावित जोखिम र जोखिम कम गर्ने तरिकाहरू बारे बाल क्लब सदस्यहरूलाई अभिमुखीकरण गर्ने ।<br>बालबालिकाले आफूमाथि दुर्व्यवहार भएको महसुस गरेपछि | जिल्ला टोली प्रमुख<br>आशङ्कापछि तत्कालै |

| | | | |
|---|---|---|---|
| | | गुनासो गर्ने कायिविधि स्थापना गर्ने । | |
| अपाङ्गता भएका बालबालिकाका लागि घर/आवासमा आधारित शिक्षा | शिक्षणसहयोगीले शिक्षा सत्रमा हानि पुऱ्याउन सक्छन् । | पढाउने ठाउँ परिवारका सदस्यहरूले देख्ने गरिको हुनुपर्छ। परिवारका सदस्यहरू घरमा भएका समयमा पढाउने समय तय गरिन्छ । | जिल्ला टोली प्रमुख सूचना पाएपछि तत्काले |
| अपाङ्गता भएका बालबालिका(बहिरा, दृष्टिविहीन र बौद्धिक अपाङ्गत भएका) को विशेष शिक्षा केन्द्रमा भर्ना । विशेष शिक्षा केन्द्रमा बालबालिकालाई आवास र शिक्षा उपलब्ध गराइन्छ। | शिक्षक, अन्य कर्मचारी र सहपाठी विद्यार्थीहरूले उनीहरूलाई आवासगृहमा हानि पुऱ्याउन सक्छन्। | केटा र केटीका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था। शिक्षक, हेरचाहकर्ता, भान्सा कर्मचारी र विद्यार्थीहरूको लागि बाल संरक्षणबारे अभिमुखीकरण। रातमा एक्लै हिड्न (शौचालय वा पिउने पानी प्रयोग गर्न) नदिने । सम्भावित दुरुपयोग/दुर्व्यवहार र जोखिम कम गर्नको लागि आचारसंहिताको विकास गर्ने । सम्बन्धित निकायबाट नियमित अनुगमन र बालबालिकासँग समस्याहरूबारे छलफल गर्ने । | प्रधानाध्यापक आईसीआरआई नेपालको जिल्ला टोली प्रमुख सूचना पाएपछि तत्काले |